सहीद लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी

राष्ट्रिय दैनिक

माझखर्क
साप्ताहिकको सह-प्रकाशन

ख ब र

मुलुकी दैनिक को पाठकहरुको लागि जरुरी सुचना

मुलुकी दैनिक पत्रिकाको पाठकहरुको लागि अत्यन्तै जरुरी सुचना । तपाईहरुले २०७८ साल बैशाख ८ गतेदेखिको पत्रिकाको ग्राहक शुल्क पैसा तिर्न बाँकी रहेकोले ९८४२९८५१८८ मा सम्पर्क गरिदिनुहोला ।

■ बर्ष-१५, ▶▶ अंक ३९४ भदौ ६ आईतबार,२०७८, August- 22 Sunday 2021 ,यलेदुङ किरात सम्बत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▶▶ मूल्य रु. १०/- www.majhkharka.com

# उदयपुर गाईघाटलाई पुग्ने दुध उत्पादन गर्छौ

❖ बुद्धि कुमार राई

*गाईघाट, भदौ ५*

उदयपुर जिल्लाको सदर मुकाम गाईघाट रहेको त्रियुगा नगरपालिकाको वडा नम्बर ३ भुल्के ठाडीमा पूर्व शसस्त्र प्रहरी बलका वरिष्ठ हवल्दार क्षेत्र बहादुर खड्काले भैसी पालेर तहल्का मच्चाएका छन् ।

उनीसँगै १४ बर्ष बैदेशिक रोजगारीमा काम गरेर फर्किएका जिबन श्रेष्ठले गाई फारम गरेर अत्याधिक मात्रामा दुध उत्पादन गरिरहेका छन् । भैसी पालक क्षेत्रबहादुरले १४ वटा भैसी र गाईपालक कृषक जिबन श्रेष्ठले ४५ वटा गाई पालेका छन् । उनीहरुले दैनिक सयौ लिटर दुध उत्पादन गरेर बेच्ने गरेका छन् ।










खोटाङ लिच्किराम्चेका ६० बर्षे बिष्णु बहादुर दाहाल र ५९ बर्षिय नर्बदा दाहाल जिबन श्रेष्ठको गाईपालन फारममा काम गर्दै ।









# बर्षाले ठेगीनसक्नु ग्रामिण सडक

❖ महेश्वर चामलिङ राई

*उदयपुर, भदौ ५*

वर्षाले पहिरो गएपछि उदयपुरमा पहाडी भेगका सबैजसो कच्ची सडकहरु बन्द भएका छन् । २ महिनायता लगातारजसो वर्षा भईरहेका कारण जिल्लाको उत्तर पहाडी भेगका सडकहर यातायात सञ्चालन हुन नसक्ने अवस्थामा पुगेका हुन् ।

वर्षाका कारण स्तरोन्नतिको काम भईरहेको गाईघाट-दिक्तेल सगरमाथा लोकमार्गको रानीबास-फोक्सिन्टार खण्डमा पनि यातायात चल्न नसक्ने अवस्था सिर्जना भएको छ । त्यो सँगै अन्य ।धादर्जन बढी सडकहरुमा गएको पहिरो हटाउन नसक्दा यातायात अवरुद्ध हुन पुगको स्थानीयले बताएका छन् । साउन दोस्रो सातादेखि लगभग लगातार वर्षा भईरहेका कारण पनि सडकहरु सञ्चालन हुन नसकेका हुन् । वर्षाका कारण गाईघाटदेखि खाँबु रानीबासबीचको सडक चिरा परेर क्षति पुगेको छ। रानीबासदेखि अँधेरीसम्मको खण्डमा पनि ठाउँठाउँमा पहिरो गएर सडक अवरुद्ध हुन पुगेको स्थानीयको भनाई छ ।



वर्षाले कटारी-इनामे खण्डको सडकमा खसेको पहिरो पन्छाउदै यात्रु । तस्विरः महेश्वर

गाईघाट-दिक्तेल सडक कार्यालयले सडक स्तरोन्नतिको जिम्मा पाएको निर्माण कम्पनी, स्थानीयबासी र त्रियुगा नगरपालिकालाई परिचालन गरेर सडक खोल्ने काम गरिरहेको र सुचारु हुदै गएको जनाउको छ । सगरमाथा लोकमार्गको त्रियुगा नगरपालिका १५ खाँबु अँधेरीदेखि रौतामाई गाउँपालिका ५ पोखरी हुँदै फोक्सिन्टारसम्मको दूरीमा आधादर्जन बढी ठाउँमा साना ठूला पहिरो गएर सडकमा क्षति पुगेको छ ।

उदयपुर रौता यातायात व्यवसायी संघ गाईघाटका अनुसार पहिरोले ठाउँठाउँमा सडक भत्काएका कारण यातायात सुचारु हुन सकेको छैन । उदयपुर र खोटाङको सीमास्थल फोक्सिन्टारस्थित सुनकोसीमा पक्की पुल नहुँदा बेलिब्रीज जडान गरेर वर्षेनी आउजाउ गर्ने गरिएकोमा हरेक वर्खायाममा जेठदेखि कात्तिकसम्म बाढीको डरले बेलिब्रीज निकाल्ने गरिएको छ । बेलिब्रीज निकालेपछि गाईघाट-

दिक्तेल सोझो यातायात अवरुद्ध हुने गरे पनि लोकमार्ग सुचारु हुँदा फोक्सिन्टार हुँदै रसुवा र चनौटे भँडारेघाटसम्म गाडीमा गएर झोलुङ्गे पुल तरेर खोटाङ जान आउन सहज थियो। तर, यो वर्ष पहिरोकै कारण गाईघाट-साउने-फोक्सिन्टार यातायात लगभग ठप्प छ । सडकका ठाउँठाउँमा पहिरो गएपछि ठूला बसको के - ***बाँकी ३ पेजमा***



सम्पादकीय

# सोलार कहिले बन्ला ?

उदयपुर जिल्लाको सदरमुकाम गाईघाटमा रहेको त्रियुगा नगरपालिकाको वडा नम्बर ११ गाईघाट, वडा नम्बर १२ पुरानो गाईघाट, वडा नम्बर ३ मोतिगडा, वडा नम्बर ४ बगाहा वडा नम्बर १० बोक्से क्षेत्रमा रहेको सडकको सोलार बत्ती कहिले बल्छ त मेयर साप ?

स्थानिय सरकारको आशा, भरोसा नै भएर हो मेयर ज्युलाई नगरपालिकाको हरेक समस्याको गुनासो आइपर्छ। स्थानिय सरकार बलियो सरकार भएर नै हो हामी नगरबासिले हरेक गुनासो मेयरलाई सुनाउन पाएका छन्। मेयर मात्र होइन उपमेयर, वडाध्यक्षहरुले पनि यी काम गर्न सक्छन। त्रियुगा नगरपालिका ११ नम्बर वडाध्यक्ष बिश्वराज भट्टराई, वडा नम्बर १२ पुरानो गाईघाटका जयबिक्रम राई, वडा नम्बर१३ असारी पुरानो गाइघाटकि वडाध्यक्ष पशुपती चौधरी, वडा नम्बर ३ मोतिगडाका अध्यक्ष अबधेस चौधरी, वडा नम्बर१० बोक्सेका वडाध्यक्ष प्रकाश खड्काले सडक्को सोलार बत्ती बनाउन सकिन्न र ? सडक सोलार बत्ती नबलेको देखिन्न र ? कि देखेर पनि नदेखेको जस्तो गरेको हो ? सडकको सोलार बत्ती बनाउन सकिन्न भने अरु त के काम गर्न सकिएला र ? उदयपुर जिल्लाको नगरपालिकाहरु त्रियुगा, कटारी, बेलका, चौदण्डीगढी चारवटै नगरपालिकामा यो समस्या छ। सडक सोलार बत्तीको नाममा जुन कम्पनीले बजेट लग्यो ति कम्पनीले मदमासी गरेकै हुन्। त्रियुगा नगरपालिकाका नगरप्रमुख मेयर बलदेब चौधरीले आफ्नो नगरपालिका भित्र बिग्रेर रहेको सडक सोलार बत्ती र सिसि क्यामेरा साउन पहिलो हप्ता नै तुरुन्त बनाउने उदघोष गरेका थिए। असार अन्तिम मुलुकी दैनिकको जिज्ञासामा मेयर चौधरीले नगरसभा असार मसान्तमा सकिन्छ त्यस पछि तुरुन्त उक्त समस्याको समाधान हुन् बताएका थिए। अहिले महिना दिन बिति सक्दा पनि उक्त सडक सोलार बत्ती, सिसि क्यामेरा बन्न नसक्दा नगरबासीले स्थानीय सरकारको अभाब महशुस गरहेका छन्।

त्रियुगा नगरपालिका मात्र होइन बेलाका नगरपालिकाका मेयर, कटारी नगरपालिका, चौदण्डीगढीका मेयर त नगरपालिका भित्र रहेको सडक सोलार बत्तीको कुनै वास्ता गर्दैनन्। सडकमा सोलार बत्ती यत्रतत्र बिग्रेर बसेका छन् तर मेयरलाई कुनै वास्ता छैन। मेयर भएकाले मेयरसँग आशा राख्नु स्वाभाबिक हो। बेलकाका नगर प्रमुख दुर्गा थापा त सडक सोलार बत्ती हराउँदा समेत उनलाई कुनै वास्ता छैन। कटारीका मेयर ज्ञानेन्द्र श्रेष्ठले कटारी बजारको क्षेत्रमा कति वटा सोलार सडक बत्ती छन् भनेर उनलाई गणना आउँदैन। बनाउन त टाढाको कुरा बिग्रेको पनि थाहा नपाउने मेयरहरुले नगरबासीको आबश्यक्तालाई त बेवास्ता त गरेकै छन्। सामान्य सडक सोलार बत्ती समेत मर्मत नगर्ने मेयरहरुले अन्य बिकास निर्माणको काम आशा कति गर्न सकिएला ? कम्तिमा बिग्रेर बसेको सडकको सोलार बत्ती त बनाईदेउ मेयर साब।

# अध्यक्षमा उठ्ने खड्काको घोषणा

❖ बेदकुमारी राई

सदरमुकाम गाईघाटमा रहेको त्रियुगा सानो सहरी तथा खानेपानी आयोजनाका सचिब सन्तोष खड्काले पछिलो समय सामाजिक संजालमा आएको खानेपानीका तत्कालिन अध्यक्ष संकर बस्नेतले मुद्दा जितेको कुरा बास्तबमा नभएको बताए।

सचिबका अनुसार मुद्दाको प्रकृतिमा पुरानो सामान्य कृतिम मुद्दामा पहिला अगाबै सफल भएको तर हाल अहिले कुनै पनि मुद्दा मामिलामा नजितेको र कार्यकाल अध्यक्ष ओम खड्कासंग नभएर खानेपानी अरु संग नै ३ वटा लेनदेन सम्बन्धी मुद्दा सर्बोच्चसंग रहेको बताए।

हाल त्रियुगा साना सहरी खानेपानीको उपभोक्ताको संख्या २४ सय देखि २५सयसम्मको हाराहारी दिनप्रतिदिन उपभोक्ताहरुको संख्या बढ्ने भएकाले खानेपानीको माग त्रिब गतिमा बढि रहेको हुदा दबल पाइपबाट दबल पानी आएकाले फिल्टर लेसनको समस्या आएको साथै त्रियुगा नगरपालिका १०मा जनघनत्व लगबै धारा संख्या बढेको कारण पहिलेको ट्याकीको क्षमता २लाखको मात्र भएको कारण ५लाख क्षमताको अन्डर ग्राउन्ड ट्याकीको अति आबष्कता रहेको सचिबले बताए।

साथै खानेपानीको मुहानमा बर्खा याममा पानीको बाहाब बढेर पानीमा लेदो आएर पानी आउने लेयरमा लेदोले तालि दिएर पानी नजाने हुने भएका कारण समफोयलको आबष्यकता रहेको र बाटो बनाउने क्रममा कतिपय ठाउंमा छेदबिछेद हुने समस्या पनि आइरहने गरेको सचिबले बताए। २०६३ मा नगर खानेपानी बिकास कोषले नगरपालिकाको जमानीमा २० लाख रुपिया ऋण लिएकोमा त्यस रकमको ब्याजदर ७ प्रतिषतले अहिले सम्म बढेर ६ करोड पुगेको जानकारी सचिबले बताए। यस खानेपानीले ६ देखि ७ लाख सम्मको मासिक महसुल उठ्ने गरेको छ। यस खानेपानीमा १३ जना कर्मचारीहरु कार्यरत छन।






# बिके किराना पसल



३३ वर्ष अघि २०४५ साल मंसिर १ गतेदेखि ग्राहकहरुको सेवामा समर्षित। गुणस्तरीय सामान सस्तो, सुपथ मुल्यमा आफै सामान छान्न सकिने, डिपाटमेन्ट स्टोस जस्तै सेवा भएको , होम डेलिभरी सेवा भएको विगत ३३ वर्ष अघिदेखि गाईघाटको ग्राहकहरुको सेवा बिके किराणा पसल। गाईघाट, असारी रोड लालिगुरास बोडिङ पूर्व मन्दिर सँगै, उदयपुर।

*प्रोपाइटर* - भरत चामलिङ राई



# सगरमाथा डिपाटमेन्ट स्टोर

## गाईघाट, उदयपुर

सबै घरायसी दैनिक उपभोग्य सामानहरु, लुगा कपडाहरु, विद्युतीय सामानहरु गाईघाटमा एकै ठाउँमा पाईने सगरमाथा डिपाटमेन्ट स्टोर, गाईघाट लोकतान्त्रिक पिपलचोक, उदयपुर




प्रोपाइटर - किरण चामलिङ राई

# बर्षाले...

कुरा, मोटरसाईकलसमेत चल्न नसक्ने भएपछि त्यसभेगका जनता गाउँसम्मै सडक पुगे पनि पैदल हिडेर सदरमुकाम आउजाउ गर्नुपर्ने बाध्यता परेको रैतामाई ३ लापत्रागाउँका दिपक राईले बताए। राईका अनुसार २ अढाई महिनायता पहिरोले सडक अवरुद्ध गरेपछि यातायात नचल्दा गाउँमा खाद्यान्न र उपभोग्य सामग्रीको अभाव सुरु भएको छ।

बिगत वर्षहरुमा बेलिब्रीज झिकेपछि दिक्तेलसम्म गाडी चलने पनि गाईघाटका गाडी साउने, खाँबु, फोक्सिन्टार हुँदै रसुवा र चनौटेसम्म आउने गर्दा आउजाउमा खासै समस्या थिएन। तर, यो पटक बेलिब्रीज झिकेको महिनादिन पुग्न नपाउँदै सडकमा पहिरो खसेपछि ट्याक्टरसम्म आउजाउ गर्न नसक्दा उपभोग्य सामग्रीको अभाव खट्किएको राईले बताए।

सडक अवरुद्ध हुँदा खासगरी चामल, दाल, नुनतेल, मसला र लत्ताकपडाजस्ता उपभोग्य सामग्रीको गाउँमा अभाव भईरहेको अर्का स्थानीय सर्वजित राईले बताए। उनका अनुसार गतवर्षदेखि लोकमार्गलाई स्तरोन्नति गरेर ४ लेनको बनाउने काम भईरहेकाले धेरै ठाउँमा पहिरो खसेर सडक अवरुद्ध हुन पुगेको हो। 'जतातते सडक बनाउने काम भईरहेको छ, कतै चट्टान काट्ने, कतै नाला बनाउने' राईले भने 'टुक्रे योजनाका काम लोकमार्गभरी भईरहेकाले एकठाउँ खसेको पहिरो पन्छाए पनि अर्को ठाउँमा पहिरो जाने गर्दा समस्या परेको हो।'

सडक कार्यालय गाईघाटका प्रमुख इन्जिनियर (डिई) हरि पोखरेलले पहिले सडकमाथिबाट खसेको ठूलो पहिरो महिनादिनसम्म लगाएर पन्छाइए पनि अरु ३/४ ठाउँमा साना ठूला पहिरो गएपछि सडक सुचारु गर्न नसकिएको बताए। एक ठाउँको बनाउँदा बनाउँदै अर्को ठाउँमा पहिरो गईहाल्ने भएपछि मर्मत गर्नै सकस परेको उनले बताए।

पहिरो पन्छाएर यथासिघ्र सडक सुचारु गर्न निर्देशन दिएको र प्राविधिक इन्जिनियरहरुको टोलीले स्थानीय जनप्रतिनिधिहरुसँग समन्वय गरेर सडक मर्मत कार्य गरिरहे पनि एकपछि अर्को ठाउँमा जाने पहिरोले सडक खोल्न समस्या परेको उनले बताए। वर्षाले जिल्लाका अन्य थुप्रै कच्ची सडकहरु अवरोध भएको छ। पश्चिमतर्फ कटारीदेखि पहाडीभेगतर्फ जाने सडकखण्डको पनि हालत उस्तै रहेको यातायात व्यवसायी बताउँछन्।

कटारीदेखि लिम्पाटार, ओख्ले, इनामे, रुपाटार, ठानागाउँ जाने कच्ची सडकका जतातते पहिरो गएर सडक अवरोध हुने गरेको छ। त्यस्तै मुर्कुचीदेखि नेपालटार, उदयपुरगढी, सिन्कौले, माभखर्क, बाराहा, जाँते, बाँसबोटे, बलम्ता, ताम्लिछा र लाफागाउँ जाने कच्ची सडकहरु सबै अहिले रोकिएका छन्। यातायात व्यवसायी र स्थानीय मिलेर काम चलाऊ मर्मत गरे पनि पानी रहेसम्म चल्ने र वर्षापछि पुन अवरुद्ध हुने गरेको जीप व्यवसायी होमबहादुर बस्नेतले बताए।

वर्षा नहुँदा सदरमुकामसँग जोडिएका सबै सडकमा ट्याक्टरर बोलेरो जिप चल्ने गरेकोमा असारयता ठप्प भएपछि जिप र ट्याक्टर व्यवसायी सुख्खाराम हुन पुगेको बस्नेतले बताए। सडक अवरुद्ध भएपछि खाद्यान्न र उपभोग्य बस्तुको अभावसँगै कोही अचानक विरामी परेमा उपचार गराउन पिठ्यँको सहारा लिनुपर्ने खतरा रहेको भन्दै सडक तत्काल मर्मत गराउन सरोकारवाला निकायसँग स्थानीयले माग गरेका छन्।

# बालिकामाथि जबरजस्ती गर्ने बृद्ध पक्राउ

❖ मुलुकी संवाददाता

*गाईघाट, भदौ ५*

बालिकामाथि जवरजस्ती गरेर फरार रहेका अभियोगमा एक बृद्ध पक्राउ परेका छन्। गएको असार १२ गते अन्दाजी १:०० बजेको समयमा बालिकामाथि जवरजस्ती गरेको अभियोगमा त्रियुगा नगरपालिका १० का ६४ वर्षीय बृद्धलाई शुक्रबार दिउसो नियन्त्रपमा लिएको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ।

बृद्धले कसैलाई जानकारी नदिन बालिकालाई दबाब दिए पनि अत्याधिक पीडा भएपछि आमालाई सुनाएकी थिईन्। आमाले असार १५ गते सो कुराको जानकारी दिँदै प्रहरीमा उजुरी दिएपछि प्रहरीले अनुसन्धान टोली खटाएर अभियुक्तको खोजतलास गरिरहेको थियो। अनुसन्धानको क्रममा शुक्रबार त्रियुगा नगरपालिका १५ को हुबास खाँबुबाट पक्राउ गरेको प्रहरीले जनएको छ।

प्रहरी हिरासतमा रहेका उनलाई अदालतबाट ५ दिनको म्याद थपी थप अनुसन्धान सुरु भएको जिल्ला प्रहरी प्रवक्ता डिएसपी बेदप्रसाद गौतमले बताएका छन्।










# साफको मिति पुन तोकियो

❖ बिबेक राई

*उदयपुर, भदौ ५*

यहि अक्टोबरमा माल्दिभ्समा हुने १३ औं साफ च्याम्पियनसिपको मिति पुन: तोकिएको छ। दक्षिण एसियाली फुटबल महासंघ (साफ) ले शनिबार प्रतियोगिताको खेल तालिका पुन: निकालेपछि खेल मितिमा फेरबदल भएको हो। यसअघि अक्टोबर १ देखि १३ सम्म हुनेभनिएको प्रतियोगिता लम्बिएर अब अक्टोबर १ देखि १६ सम्म हुनेभएको छ। खेल मितिमा फेरबदल भएपनि टोलीबीचको खेलहरु भने पहिलेभैँ क्रमबद्ध नै छ। खेलहरुको बीचमा विश्राम दिनको अन्तर बढाइएपछि खेल तालिका लम्बिएको हो।

यसअघि तोकिएभैँ उद्घाटन दिनको खेलहरु भने यथावत नै हुनेछ। अक्टोबर १ मा नेपालले माल्दिभ्स र श्रीलंकाले बंगलादेशको सामना गर्नेछन्। त्यसपछि दोस्रो दिनको खेल अक्टोबर ४ मा हुनेभएको छ। नत्र यसअघिको तालिकामा एकदिनमात्र विश्राम दिएर अक्टोबर ३ मा हुने तालिका थियो। अब नयाँ तालिका अनुसार अक्टोबर ४ मा बंगलादेशले भारत र श्रीलंकाले नेपालको सामना गर्नेछन्। यसअघि अक्टोबर ६ मा मा भारत र श्रीलंका अनि माल्दिभ्स र बंगलादेशको हुने भनिएको खेल अब अक्टोबर ७ मा हुनेछ।

त्यस्तै अक्टोबर अक्टोबर ८ मा माल्दिभ्स र श्रीलंका अनि नेपाल र भारतबीच हुने भनिएको खेल अब अक्टोबर १० मा हुनेछ। अक्टोबर ११ मा तोकिएको बंगलादेशविरुद्ध नेपाल र भारतविरुद्ध माल्दिभ्सको खेल अक्टोबर १३ मा सरेको छ। यसरि यसअघि एक वा दुई दिनबीचको विश्राममा खेलाइने भनिएको खेल तालिकामा फेरबदल हुँदै अब सबै दिनको खेलहरुबीच दुईदुई दिनको विश्राम हुनेभएको छ। यस्तो हुँदा खेलाडीले खेलहरुबीच राम्रो विश्राम लिनुपाउने भएका छन्।

साफ च्याम्पियनसिप दक्षिण एसियाली राष्ट्रहरुको लागि सबैभन्दा प्रतिष्ठित फुटबल प्रतियोगिता हो। यसपालि पाँच राष्ट्रले मात्र सहभागिता जनाउने भएकोले राउण्ड रोबिनको आधारमा खेल खेलाइनेछ। पाकिस्तानलाई फुटबलमा राजनीति भित्रिएको भन्दै फिफाले प्रतिबन्ध लाएको छभने भुटानले कोरेना माहामारीबीच कडा नियम ल्याउँदै खेलाडीहरुलाई देशबाहिर नपठाउने भएको छ। त्यसैले सहभागि बाँकी पाँच राष्ट्रले राउण्ड रोबिनको आधारमा प्रतिस्पर्धा गर्नेछन्।





## गाईघाटे सेकुवा कर्नर...

सम्पर्क – ९८६२९३६९९० ९८१९७४५०६७
स्थान – गाईघाट टेम्पुचोक



## होटल बिक्रिमा

गाईघाटको मुख्य चोकदेखि पुरानोगाइघाट चोकको उतर तर्फ पिसजोन बोडिङ जाने बाटोको मुख्य सडकको मुखैको बलम्पाकी रेष्टुरेन्ट बिक्रिमा। इच्छुकले सम्पर्क गर्नुहोला। सम्पर्क -९८४२९९४३३०



त्रिनपा – ११ गाईघाट, उदयपुर, असारीरोड, लालिगुराक बोडिङदेखि पुर्व काका होटलसंगै जोडिएको। प्रोपाइटर:–**बिनोदकुमार पाण्डे** सम्पर्क:– ९८५२८३०५८२ *यहा स्वदेशी तथा विदेशी रक्सीहरु तथा विभिन्न ब्राण्डका पेय पदार्थहरु होलसेल मुल्यमा पाईन्छ।*

## गाडी रिजर्भ चाहिएमा



डाईभर नन्दु चौधरी
मो.न.९८४२९९०५४, ९८५२८३७५८२





## प्रियंका फैन्सी पसल

तिजको नयाँ डिजाईनको सारी, कुर्ता सुरुवाल प्रियंका फेन्सी पसलमा पाईन्छ।

यहाँ सुपथ मुल्यमा साउन महिनाको सेट,कुर्ता, सुरुवाल, सर्ट, पेन्ट, भेस्ट, बच्चाको कपडा सेट, विभिन्न डिजाइनमा पाइन्छ। स्थान - गाईघाट, मेनचोकको पूर्वबाँया साइड। सम्पर्क - ९८४२८७६६८४

# Admission0



## त्रियुगा जनता बहुमुखी क्याम्पस मोतीगडा
गाईघाट, उदयपुर

सगरमाथा अञ्चलको अग्रणी एवम् QAA Certified यस क्याम्पसमा शैक्षिक सत्र २०७८ का लागि

**Faculties**
- Management
- Humanities
- Education

+2 मा भर्ना खुल्यो !

**कार्यक्रम**
आवेदन फारम वितरण भईरहेको छ।

प्रवेश परीक्षा भाद्र ४ गते शुक्रबार
परामर्श कक्षा भाद्र १३ गते
कक्षा सञ्चालन भाद्र १५ गते

आवश्यकता अनुसार पुन: प्रवेश परीक्षा लिइने

९८५२८३५३६३
९८४२८२६६७०
९८५२८३५६७०

Computer Science मा सिट सङ्ख्या मात्र ३० !

Campus Chief

Visit Us At Least Once, Then feel the Difference !!



माझखर्क साप्ताहिकको सह-प्रकाशन मुलुकी दैनिक

प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय– त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोन:– ९८४२९८५१८८, ९८०३७२७८८०,
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट